
annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २४४ पृष्ठ ८ | काठमाडौं, बुधवार २४ पुस २०८१ | पौष शुक्लपक्ष नवमी नेपाल संवत् ११४५ | WEDNESDAY, JANUARY 8, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# धान किसानको, मूल्य सरकारको

## त्यही पनि पाइँदैन, बेच्नुपर्छ सस्तोमा




सरकारले किसानको हितका लागि भन्दै हरेक वर्ष धानको न्यूनतम (समर्थन) मूल्य तोक्छ । तर, विडम्बना नै भन्नुपर्छ, किसानले धान बेच्दा त्यही मूल्य पनि पाउँदैनन् । किनभने सरकारले मूल्य तोक्ने मात्रै आफ्नो कर्तव्य ठान्छ । तर, किसानको घरखेतमै पुगेर धान किनिदिँदैन । अनि, किसानले धान व्यापारी र बिचौलियालाई सस्तोमा धान बेच्छन् । कृषिप्रधान देशमा वर्षौंदेखि किसान यही व्यथा सहन बाध्य छन् ।

**परमानन्द पाण्डे** | *टीकापुर*

– को रिपोर्ट

समाचार पृष्ठ २



नेपाल खाद्य संस्थानको टीकापुरस्थित धान तथा गहुँ खरिद केन्द्रमा धान बेच्दै किसानहरू । ● परमानन्द पाण्डे

## माओवादीले भन्यो, संविधान संशोधनभन्दा कार्यान्वयन आवश्यक

**राजकरण महतो** | *काठमाडौं*

विपक्षी माओवादी केन्द्रले संविधान संशोधनभन्दा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने निष्कर्ष निकालेको छ। मंगलबार सम्पन्न केन्द्रीय समिति बैठकले संविधान कार्यान्वयनमा जोड दिएको हो। संशोधन गर्ने नै हो भने जनताको अधिकार कटौती गर्न नहुने निर्णय भएको पार्टीका उपाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद सापकोटाले जनाए।

तीन दिनसम्म चलेको माओवादीको आठौं केन्द्रीय समितिको पूर्णबैठकमा संविधान संशोधनको एजेन्डामा पनि छलफल भएको थियो। 'संविधान संशोधन गर्ने हो भने अग्रगमनतिर सोच्नुपर्छ। महिला, दलित, जनजाति, मुस्लिमलाई विशेष अधिकार दिनुपर्छ। महिलालाई ३३ प्रतिशतबाट ५० प्रतिशत अधिकार दिनुपर्छ। दलितको १३ प्रतिशत जनसंख्या त्यहीअनुसार अधिकार दिनुपर्छ। मुस्लिमलाई विशेषअधिकार दिलाउन सक्नुपर्छ,' प्रवक्ता सापकोटाले बैठकमा भएको छलफलबारे उनले भने।

» बाँकी पृष्ठ ६

## बिहानै भूकम्प, तिब्बतमा सय बढीको निधन

**राधा खनाल** | *काठमाडौं*



राजधानीमा मंगलबार बिहान भूकम्पको ठूलै धक्का महसुस भयो। आतंकित हुँदै सर्वसाधारण चोकचोकमा निस्के। बिहान ६:५० तिर भूकम्प गएको थियो। नेपालको लोबुचे क्षेत्रभन्दा उत्तर पूर्वमा पर्ने चिनियाँ भूमिलाई केन्द्रबिन्दु बनाएर भूकम्प गएको थियो। त्यस क्षेत्रमा दिनभर आधा दर्जनभन्दा बढी भूकम्प मापन गरिए।

भूकम्पका कारण तिब्बत क्षेत्रमा मंगलबार साँझसम्म कम्तीमा १ सय जनाको मृत्यु भएको र सयौं घर भत्किएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्।

चिनियाँ समाचार एजेन्सीहरूका अनुसार नेपाल-चीन सीमामा अवस्थित सगरमाथा क्षेत्रको खुम्बुनजिकै केन्द्रबिन्दु बनाएर गएको उक्त भूकम्पछि कैयौं परकम्पहरू गइरहेको भूकम्प विद्हरूले बताएका छन्।

चीन, नेपाल, भारत र भुटानका विभिन्न स्थानमा भूकम्पको धक्का महसुस गरिएको थियो। तिब्बतको क्षेत्रीय विपद् व्यवस्थापन मुख्यालयले मंगलबार बिहान सिगात्से सहरको दिंग्री काउन्टी, सिजाङ स्वायत्त क्षेत्रमा ६.८ म्याग्निच्युडको भूकम्प मापन गरेको थियो। भूकम्पमा परी मृत्यु हुने र घाइतेको संख्या बढ्नसक्ने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन। भूकम्प प्रभावित क्षेत्रमा उद्धार तथा राहतको काम जारी रहेकाले एकीन तथ्यांक आउन नसकेको अधिकारीहरूलाई उद्धृत गर्दै ग्लोबल टाइम्सले जनाएको छ।

राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रका अनुसार चीनमा म्याग्निच्युड ७ मापन गरिएको उक्त भूकम्पको क्षमता नेपालमा ५.३ म्याग्निच्युड थियो भने नेपालबाट भूकम्पको केन्द्रबिन्दु औसत दूरी ९० किलोमिटर छ।

» बाँकी पृष्ठ ३

## इन्डोनेसिया ब्रिक्सको पूर्ण सदस्य

**ब्राजिल** (एजेन्सी) : ब्राजिलले इन्डोनेसिया ब्रिक्स समूहको पूर्ण सदस्य भएको घोषणा गरेको छ। सन् २०२५ मा ब्रिक्सको अध्यक्षता गर्ने ब्राजिलले सन् २०२३ मा जोहानेसबर्ग शिखर सम्मेलनमा इन्डोनेसियाको उम्मेदवारीलाई नेताहरूले समर्थन गरेको बताएको छ।

ब्राजिलको विदेश मन्त्रालयले ब्रिक्समा इन्डोनेसियाको प्रवेशलाई स्वागत गरेको छ। यसले इन्डोनेसिया र अन्य ब्रिक्स सदस्यहरूले विश्वव्यापी शासन संस्थाहरूको सुधारलाई समर्थन गर्ने बताएको छ।

'ब्राजिल सरकारले इन्डोनेसियालाई ब्रिक्समा प्रवेश गरेकोमा स्वागत गर्दछ। सबैभन्दा ठूलो अर्थतन्त्र र दक्षिणपूर्व एसियामा सबैभन्दा बढी जनसंख्या भएको राष्ट्रको रूपमा इन्डोनेसियाले अन्य ब्रिक्स सदस्यहरूसँग विश्वव्यापी शासन संस्थाहरूको सुधारका लागि महत्वपूर्ण योगदान गर्दछ,' ब्राजिलको विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ। इन्डोनेसियाले नयाँ सरकारको स्थापनापछि मात्र ब्रिक्समा सामेल हुने आफ्नो रुचिबारे समूहलाई औपचारिक रूपमा जानकारी गरायो।

JAGDULLA HYDROPOWER COMPANY LIMITED
जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड

प्रेस विज्ञप्ती

जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा निर्माण गर्न लागिएको जगदुल्ला अर्ध जलाशययुक्त आयोजना (१०६ मेगावाट) को निर्माण कार्यको बोलपत्र आह्वानको विषयलाई लिएर केही सञ्चार माध्यमले यस कम्पनी र माननीय उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री माननीय दीपक खड्कालाई जोडेर प्रकाशित समाचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

यस जगदुल्ला जलविद्युत आयोजना निर्माण प्रवर्द्धनका लागि अन्तर्राष्ट्रियस्तरको ठेक्का आह्वान गर्नुपर्ने र उक्त स्तरको ठेक्का मूल्याङ्कन गर्नुपर्ने कार्य आफैमा संवेदनशील विषय हो। ठेक्का मूल्याङ्कन क्रममा सार्वजनिक खरीद ऐन, कम्पनीको खरीद विनियमावली र स्टाण्डर्ड विडिङ डकुमेन्टका आधारमा प्राप्त बोलपत्रहरुको मूल्याङ्न गरिएको अवस्था हो । उक्त ठेक्का प्रक्रियामा बोलपत्र दाखिला गर्ने बोलपत्रदाताहरुको बोलपत्र प्राविधिक रुपमा असफल भएकाले ठेक्का रद्द गरिएको स्पष्ट पार्न चाहन्छौं।

यसै विषयसँग जोडेर यस कम्पनी र माननीय मन्त्रीज्यूको चरित्रहत्या गर्ने निहित उद्देश्यका साथ विभिन्न सञ्चारमाध्यममा प्रकाशित तथ्यहिन, अनर्गल एवं कपोकल्पित समाचारप्रति हाम्रो गम्भीर आपत्ती छ। यस कम्पनीको सञ्चालक समितिमा मन्त्रीज्यू संलग्न हुने कुनै कानूनी व्यवस्था छैन। साथै, मन्त्रालय र माननीय मन्त्रीज्यूको निर्देशन तथा सुझाव लिनुपर्ने बाध्यात्मक व्यवस्था समेत छैन। यस कम्पनीले आह्वान गरेको ठेक्का प्रक्रियामा माननीय मन्त्रीज्यूले कुनै चासो राख्नुभएको वा कुनै निर्देशन दिनुभएको छैन।


यस प्रकारका तथ्यहिन एवम् भ्रामक समाचारले यस कम्पनी र माननीय मन्त्रीज्यू एवम् मन्त्रालय जस्तो गरिमामय संस्थाको बदनामी गराउने र आम नागरिकमा भ्रम सिर्जना गर्ने कार्य गर्दछ। यस्ता कार्यले कालान्तरमा मन्त्रालयजस्तो गरिमामय संस्थाको गरिमा घटाउने, आपसमा द्वन्द्व सिर्जना गराउने र आपसी विश्वासको वातावरण विथोल्ने जस्ता कार्यहरुमात्र हुने हुँदा मुलुकलाई नै नोक्सान पुग्ने अवस्था रहन्छ। तसर्थ, अहिलेको तरल अवस्थामा आमसञ्चार माध्यमको भूमिका आपसी विश्वास, सद्भाव र सहकार्यलाई जोड दिने प्रकृतिको हुनुपर्छ। तर, सञ्चार माध्यमले यसको ठिक विपरित कपोकल्पित एवम् भ्रामक समाचार प्रकाशन गरेको छ । सञ्चार माध्यमले पत्रकारिताको न्यूनतम मर्यादा तथा आचारसंहितालाई समेत भुलेर सम्प्रेषण गरेको समाचारले हामीलाई दु:खित तुल्याएको छ । प्रकाशित सामाग्रीको सत्यतथ्य जाँच नगरी समाचार प्रकाशन गर्नु निकै दुर्भाग्यपूर्ण छ।

राष्ट्रको चौंथो अंगका रुपमा रहेको सञ्चार क्षेत्रले आगामी दिनमा तथ्यपरक, विश्वसनीय तथा वस्तुपरक सामाचार सम्प्रेषण गर्नुहुन समेत आग्रह गर्दछौं। समाचारको विश्वसनीयताका लागि यस कम्पनीमा जुनसुकै बेलापनि सम्पर्क गर्नुहुन अनुरोध समेत गर्दछौं। साथै, यसै प्रेस विज्ञप्तीलाई आधार मानेर यसअघि प्रकाशित समाचारको खण्डन गरिदिनुभई मर्यादित पत्रकारिताको मानक कायम गरिदिनुहुन समेत यसैसाथ अनुरोध गर्दैछौं।

संजय सापकोटा
(प्रमुख कार्यकारी अधिकृत)
मिति: २०८१/०९/२३

# एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाउने प्रतिबद्धता

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*




सत्तासीन एमालेले समाजवादको लक्ष्य हासिल गर्न पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउने प्रण गरेको छ। केन्द्रीय कमिटीको मंगलबार सम्पन्न बैठकले राष्ट्रिय हित र स्वाभिमानको रक्षा, लोकतन्त्रको सुदृढीकरण, राजनीतिक स्थायित्वको सुनिश्चितताका लागि पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउनुको विकल्प नरहेको निश्कर्ष निकालेको छ। 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा परिपूर्ति निर्णायक राष्ट्रिय शक्तिबाट मात्रै सम्भव हुने एमालेको ठहर छ।

'यस्तो शक्तिको निर्माण एमालेको नेतृत्वमा मात्रै संभव छ,' एमालेको निर्णय छ। तीन दिनसम्म चलेको बैठकले १४ वटा समसामयिक प्रस्ताव पारित गरेको छ। पार्टी विभाजनलगायत कारणले पार्टी बाहिर भएका नेता कार्यकर्ता र स्वतन्त्र ढंगले क्रियाशील रहेकालाई पार्टीमा फर्कन एमालेले आह्वान गरेको छ।

**राजनीतिक स्थायित्वको आशा जागृत**

कांग्रेस एमालेको संयुक्त सरकार बनेसँगै मुलुकमा राजनीतिक स्थायित्वको आशा जागृत भएको एमालेको ठम्याइ छ। सत्तारुढ दलहरू बीचको आपसी विश्वास तथा समझदारी अझ सुदृढ होस् र यो सरकार प्राप्त ऐतिहासिक अवसरलाई सदुपयोग गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन, सुशासन, विकास र समृद्धिको अभिभारा पूरा गर्न एवं राजनीतिक स्थायित्व सुनिश्चित गर्न सफल होस् भन्ने कामना एमाले बैठकले गरेको छ।

एमालेले ७ बुँदे सहमतिको कार्यान्वयन र सरकारको सफलताका लागि हरसंभव योगदान गर्ने प्रतिबद्धता पनि गरेको छ। स्वदेशभित्र अवसर नदेखेर या भएको अवसर सदुपयोग गर्न नसकेर भइरहेको युवाहरूको ठूलो संख्यामा प्रवासनप्रति पार्टी चिन्तित र संवेदनशील रहेको जनाएको छ।

देशभित्रै केही गरौं भन्ने हुटहुटी बोकेका युवाहरूलाई प्रोत्साहन, सहयोग र साझेदारी गर्नुपर्ने एमालेको जोड छ। उसले युवाहरूमा उद्यमशीलताको विकास गर्न, उनीहरूलाई उत्पादन, रोजगारी र स्वरोजगारीमा जोड्न र सूचना प्रविधिलगायत क्षेत्रमा प्राप्त अवसरलाई सदुपयोग गर्ने उपयुक्त वातावरण निर्माण निर्णय गर्न सरकारको ध्यानाकर्षण गराएको छ। एमालेले समृद्धिका संवाहकका रूपमा युवाहरूलाई परिचालन गन सरकारसँग माग गरेको छ।

**सबै भ्रष्टाचार काण्डको छानबिन गर्न माग**

एमालेले चर्चामा आएका सबै भ्रष्टाचार काण्डको छानबिन गर्न माग गरेको छ। उसले भ्रष्टाचार भएको भनी चर्चामा रहेका सबै प्रकरणहरूको यथाशीघ्र छानबिन गरी निष्कर्षमा पुर्‍याउन सरकारको ध्यानाकर्षण गराएको छ।

» बाँकी पृष्ठ ३